# विशेष अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७६


प्रदेश नं ५, प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालय

बुटवल, रुपन्देही

नेपाल

*प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत*
*मिति २०७६।०६।१७*

# विशेष अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७६

स्थानीय तहबाट संचालन गरिने कुनै खास योजनाको लागि विशेष अनुदान प्रदान गर्ने सम्बन्धमा व्यवस्था गर्न प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ को दफा ९ बमोजिम प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "विशेष अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७६"रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "ऐन"भन्नाले प्रदेश नं. ५, प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "प्रदेश"भन्नाले प्रदेश नं. ५ लाई सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले प्रदेश नं. ५, आर्थिक मामिला तथा योजना मन्त्रालयलाई सम्झनु पर्छ ।

(घ) "विपद" भन्नाले भूकम्प, आगलागी, आँधीवेरी, वाढीपहिरो, सुख्खापन, अतिवृष्टि, अनावृष्टि, अनिकाल, महामारी, तथा यस्तै अन्य प्रकोपलाई सम्झनु पर्छ र सो शब्दले औद्योगिक दुर्घटना बिष्फोटक वा बिषाक्त पदार्थद्वारा हुने दुर्घटना तथा यस्तै अन्य कुनै पनि प्रकारको प्राकृतिक वा गैर प्राकृतिक प्रकोपलाई सम्झनु पर्छ ।

(ङ) "विशेष अनुदान" भन्नाले प्रदेश नं. ५, प्रदेश वित्त व्यवस्थापन ऐन,२०७५ को दफा ७ बमोजिम प्रदान गरिने अनुदान सम्झनु पर्छ ।

(च) "स्थानीय तह" भन्नाले प्रदेश नं. ५ भित्र पर्ने गाउँपालिका,नगरपालिका, उप महानगरपालिका र महानगरपालिका सम्झनुपर्छ ।

३. **विशेष अनुदान प्रदान गरिने क्षेत्रः** (१) प्रदेश सरकारले देहायका कुनै खास क्षेत्र निर्धारण गरी विशेष योजना तथा कार्यक्रमको लागि विशेष अनुदान प्रदान गर्न सक्नेछः

(क) साक्षरता प्रतिशत राष्ट्रिय औषत भन्दा ज्यादै न्यून भएका क्षेत्रको शैक्षिक विकासको लागि संचालन गरिने विशेष शैक्षिक योजना तथा कार्यक्रमहरु,

(ख) आधारभूत स्वास्थ्य सेवावाट वञ्चित रहेका समुदाय तथा वाल मृत्यूदर/मातृ मृत्यूदर अत्यधिक भएका क्षेत्रहरुमा प्रदान गरिने आधारभूत स्वास्थ्य सेवा सम्वन्धी विशेष योजना तथा कार्यक्रमहरु,

(ग) खानेपानी सेवाबाट वञ्चित रहेका क्षेत्रर समुदायहरुको लागि खानेपानी सुविधा उपलव्ध गराउने विशेष योजना तथा कार्यक्रमहरु,

(घ) सम्वन्धित क्षेत्रमा उत्पादन भएको खाद्यान्नले सो क्षेत्रको माग धान्न अपुग भएमा त्यस्तो क्षेत्रमा खाद्यान्न उत्पादन अभिबृद्धि गर्न संचालन गरिने विशेष खाद्यान्न उत्पादन अभिबृद्धि तथा वितरण सम्वन्धी योजना तथा कार्यक्रमहरु,

(ङ) कुनै पिछडिएको क्षेत्र विशेषलाई लक्षित गरी सञ्चालन गरिने आधारभूत सेवा आपूर्ति सम्वन्धी योजना तथा कार्यक्रमहरु,

(च) कुनै अल्पसंख्यक र पिछडिएको समुदायको उत्थान गरिने विशेष योजना तथा कार्यक्रमहरु,

(छ) सन्तुलित विकासको अवधारणा अनुसार राष्ट्रिय औषतभन्दा विकासमा अति पछि परेका स्थानीय तहको सन्तुलित विकासको लागि संचालन गरिने सामाजिक विकासका विशेष योजना तथा कार्यक्रमहरु,

(ज) विपदको कारणवाट विस्थापित व्यक्तिहरु वा समुदायको लागि शिक्षा, स्वास्थ्य, खानेपानीजस्ता आधारभूत सेवा प्रदान गर्ने विशेष कार्यक्रमहरु,

(झ) प्रदेश सरकारले निर्णय गरी घोषणा गरेका विशेष कार्यक्रमहरु,

४. <u>विशेष अनुदान प्रदान नहुने</u>ः दफा ३ मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायका प्रकृतिका योजना तथा कार्यक्रमका लागि विशेष अनुदान उपलव्ध गराइने छैन ।

(क) राजनीतिक दल विशेष तथा धार्मिक उद्देश्य परिपूर्ति हुने प्रकृतिका योजना तथा कार्यक्रमहरु,

(ख) तलव भत्ता, मसलन्द लगायतका साधारण खर्च तथा ऋण भुक्तानीका योजना तथा कार्यक्रमहरु,

(ग) व्यक्तिगत तथा पारिवारीक रुपमा मात्र फाइदा पुग्ने प्रकृतिका योजना तथा कार्यक्रमहरु,

(घ) राष्ट्रिय एकता, धार्मिक, सांस्कृतिक तथा सामाजिक सदभावमा खलल पुग्ने प्रकृतिका योजना तथा कार्यक्रमहरु,

(ङ) घाटा बजेट पूर्ति गर्ने कार्यक्रमहरु,

(च) वातावरण संरक्षणमा प्रतिकूल प्रभाव पर्ने खालको योजना तथा कार्यक्रमहरु,

(छ) अन्य अनुदान तथा स्रोतवाट संचालनमा रहेका आयोजनामा दोहोरो पर्ने खालका योजना तथा कार्यक्रमहरु,

५. **प्रस्ताव गर्नुपर्नेः**(१) स्थानीय तहले दफा ३ मा उल्लेखित क्षेत्रहरुसंग सम्बन्धित आयोजना तथा कार्यक्रमको प्रस्ताव मन्त्रालयले तोकेको अवधिमा अनुसूची-१ बमोजिमको ढाँचामा पेश गर्नुपर्नेछ।

(२) स्थानीय तहले सो क्षेत्रका जनताको आधारभूत आवश्यकताको परिपूर्तिसंग सम्वन्धित बिशेष खालका आयोजना तथा कार्यक्रमहरु पहिचान एवं छनौट गरी अघिल्लो आ.व. को बैशाख मसान्तभित्र मन्त्रालयमा पेश गर्नुपर्नेछ।

तर, आ.व. २०७६।७७ को हकमा मन्त्रालयले सूचना प्रकाशित गरी तोकेबमोजिम हुनेछ।

(३) यस दफा वमोजिम आयोजना तथा कार्यक्रमको प्रस्ताव साथ सम्वन्धित स्थानीय तहको सभा वा कार्यपालिकाको निर्णय समेत पेश गर्नुपर्नेछ ।

६. **आयोजना तथा कार्यक्रम छनौटः** (१) विशेष अनुदानवाट प्रदेश तथा स्थानीय तहमा संचालन गर्ने आयोजना तथा कार्यक्रमको छनौट प्रदेश सरकारले यस कार्यविधिको दफा ८ को उपदफा (१) बमोजिमको समितिको सिफारिस एवं प्रस्तावित आयोजना तथा कार्यक्रमको आवश्यकता र औचित्यको आधारमा शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवा एवं आकस्मिक कार्यसंग सम्वन्धित र पिछडिएको वर्ग तथा समुदायको आर्थिक, सामाजिक विकासमा सघाउ पुऱ्याउने आयोजना तथा कार्यक्रम छनौट गर्नु पर्नेछ ।

(२) उपदफा (१)वमोजिम आयोजना तथा कार्यक्रम छनौट गर्दा स्थानीय तहको आफ्नै स्रोतवाट तथा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त समानीकरण, शसर्त र समपूरक अनुदानवाट संचालित आयोजना तथा कार्यक्रमहरुसंग दोहोरो नपर्ने गरी छनौट गर्नुपर्नेछ ।

(३) आयोजना तथा कार्यक्रमको छनौट गर्दा त्यसको आवश्यकता, औचित्यता, सो वाट लाभान्वित सम्भाव्य जनसंख्या, सम्वन्धित क्षेत्रका जनताको आयस्तर वृद्धि गर्ने, आधारभूत आवश्यकता परिपूर्ति गर्ने, गरिवी न्यूनिकरण गर्न सहयोग पुग्ने, रोजगारी सृजनामा मद्दत पुग्ने र स्थानीय श्रम, सीप, श्रोत र साधनको अधिकतम उपयोग हुने किसिमले छनौट गर्नु पर्नेछ।

(४) यस कार्यविधिमा अन्यत्र जेसुकै लेखेको भएता पनि स्थानीय तहले विशेष अनुदानको लागि कुनै आयोजना तथा कार्यक्रम पेश नगरेको अवस्थामा वा प्रदेश सरकारले प्रादेशिक महत्वका विशेष कार्यक्रम तथा कुनै विशेष क्षेत्र वा समुदायको उत्थानको लागि अति आवश्यक विशेष कार्यक्रम संचालन गर्न आवश्यक देखेमा ऐनको दफा ७ बमोजिमको क्षेत्रमा विशेष अनुदानको आयोजना तथा कार्यक्रम छनौट गर्न सक्नेछ ।

७. **<u>विशेष अनुदान प्रदान गर्ने आधारहरुः</u>** (१) प्रदेश सरकारबाट स्थानीय तहमा प्रदान गरिने विशेष अनुदान देहायका आधारमा गरिनेछ ।

(क) शिक्षा क्षेत्रमा सवै भन्दा कम साक्षरता प्रतिशत भएका क्षेत्र वा समुदायको उत्थानको लागि सञ्चालन गरिने शैक्षिक विकासका योजना तथा कार्यक्रमहरु,

(ख) स्वास्थ्य क्षेत्रमा हेल्थ पोष्ट नभएका, कुपोषणको अवस्था र बाल मृत्युदर तथा मातृ मृत्युदर राष्ट्रिय औषत भन्दा बढी भएका क्षेत्रमा संचालन गरिने स्वास्थ्य सम्वन्धी योजना तथा कार्यक्रमहरु,

(ग) खानेपानीको धारा तथा मुहान सामुदायिक वस्तिवाट टाढा भएका वस्ति वा समुदायमा खानेपानी सेवा उपलव्ध गराउन संचालन गरिने योजना तथा कार्यक्रमहरु,

(घ) सम्वन्धित क्षेत्रमा वार्षिक खाद्यान्न उत्पादनवाट ६ महिना भन्दा वढी खाद्यान्न अपुग हुने क्षेत्रमा उत्पादन अभिबृद्धि गर्नमल, विउ तथा कृषि उपकरण उपलव्ध गराउन संचालन गरिने विशेष खाद्यान्न उत्पादन अभिबृद्धि कार्यक्रम तथा खाद्यान्न वितरण योजना तथा कार्यक्रमहरु,

(ङ) विपद्को कारणवाट विस्थापित व्यक्तिहरुको पुनर्उत्थानसंग सम्बन्धित शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका आधारभूत सेवा प्रदान गर्न एकीकृत रुपमा संचालन गरिने विशेष योजना तथा कार्यक्रमहरु,

(२) उपदफा (१) वमोजिम विशेष अनुदान प्रदान गर्दा जनसंख्या, क्षेत्रफल, मानव विकास सूचकाङ्कको अवस्था, आर्थिक पछौटेपन लगायतका विषयहरुलाई समेत आधार लिनु पर्नेछ ।

८. **<u>आयोजना सिफारिश समितिः</u>** (१) स्थानीय तहवाट प्रस्ताव भई आएका आयोजना तथा कार्यक्रमहरु छनौट गरी मन्त्रालयमा सिफारिश गर्न देहाय बमोजिमको समिति रहनेछ।

| | | |
|---|---|---|
| (क) | सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय, | संयोजक |
| (ख) | उप सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| (ग) | उप सचिव, बजेट योजना तथा कार्यक्रम महाशाखा, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| (घ) | उप सचिव, योजना महाशाखा, विषयगत मन्त्रालय | सदस्य |
| (ङ) | उप सचिव¸ वित्त व्यवस्थापन महाशाखा आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा प्रदेश योजना आयोगको सम्बन्धित विषय हेर्ने सदस्यलाई आमन्त्रित गर्न सकिनेछ ।

(३) उपदफा (१) वमोजिमको समितिले आयोजना तथा कार्यक्रम सिफारिश गर्दा संघ, प्रदेश र स्थानीय तहको अन्य स्रोतबाट सञ्चालित योजना तथा कार्यक्रमसँग दोहोरो नपर्ने गरी छनौट गर्नु पर्नेछ ।

(३) उपदफा (१) वमोजिमको समितिले योजनाको संभाव्यता, लागत, योजनाबाट प्राप्त हुने प्रतिफल वा लाभ, कार्यान्वयनका लागि आवश्यक भौतिक तथा वित्तीय क्षमता वा जनशक्ति, आयोजनाको आवश्यकता र प्राथमिकता जस्ता विषयहरुलाई आधार मानि अधिकतम उपलब्धी हासिल हुने आयोजन तथा कार्यक्रमलाई प्राथमिकता दिई सिफारिश गर्नुपर्नेछ ।

(४) स्थानीय तहले विशेष अनुदानको लागि कुनै आयोजना तथा कार्यक्रम पेश नगरेको अवस्थामा प्रदेश सरकारले कुनै विशेष क्षेत्र वा समुदायको उत्थानको लागि यस कार्यविधिको प्रतिकूल नहुने गरी विशेष अनुदानका आयोजना तथा कार्यक्रम सिफारिश गर्न वाधा परेको मानिने छैन ।

९. <u>आवधिक योजनामा समावेश गर्नु पर्ने</u>ः स्थानीय तहले विशेष अनुदानको माध्यमबाट कार्यान्वयन गर्ने आयोजना तथा कार्यक्रमलाई आवधिक योजनामा समावेश गर्नु पर्नेछ।

१०. <u>अनुदान रकम खर्च गर्ने विधि/प्रक्रिया</u>ः (१) स्थानीय तहले विशेष अनुदान वापत प्राप्त रकम खर्च गर्दा देहायको प्रकृया अपनाउनु पर्नेछ ।

(क) विशेष अनुदान रकम जुन योजना तथा कार्यक्रमको लागि प्रदान भएको हो सोहि आयोजना तथा कार्यक्रममा खर्च गर्नु पर्नेछ ।

(ख) स्थानीय तहले प्राप्त गर्ने विशेष अनुदान वजेट तथा कार्यक्रममा समावेश गर्नुपर्नेछ ।

(ग) विशेष अनुदान वापत प्राप्त रकम खर्च गर्दा प्रचलित आर्थिक कार्यविधि कानून तथा सार्वजनिक खरिद सम्बन्धी कानूनमा भएका व्यवस्थाहरुको पूर्ण पालना गरी मितव्ययी र पारदर्शी किसिमले खर्च गर्नु पर्नेछ ।

(घ) विशेष अनुदान वापत प्राप्त रकम अन्यत्र खर्च शीर्षकहरुमा रकमान्तर गर्न पाइने छैन ।

(ङ) विशेष अनुदानको रकमवाट तलव भत्ता,मर्मत संभार,मसलन्द लगायतका प्रशासनिक खर्च, परामर्श सेवा आदिमा खर्च गर्न पाइने छैन।

(च) यस कार्यविधि बमोजिम स्थानीय तहलाई उपलब्ध गराईने बिशेष अनुदानको एक चौथाईले हुन आउने रकम प्रत्येक आर्थिक वर्षको भदौ १० गतेभित्र, कार्तिक १० गतेभित्र, माघ १० गतेभित्र र बैशाख १०

गतेभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत् चार किस्तामा उपलव्ध गराईनेछ । स्थानीय तहले असोज मसान्त, पौष मसान्त र चैत्र मसान्त भित्र अघिल्लो किस्ता वापतको भौतिक र वित्तीय प्रगति अनुसुची-२ बमोजिमको ढाँचामा उपलव्ध गराउनु पर्नेछ ।यसरी प्रगति उपलव्ध नगराएका स्थानीय तहलाई बाँकी किस्ताको रकम हस्तान्तरण गरिने छैन।

तर, चालु आ.व. २०७६/७७ को हकमा मन्त्रालयले सूचना प्रकाशित गरी तोकेबमोजिम हुनेछ।

(छ) विशेष अनुदानवाट प्राप्त रकमको समयमै आन्तरिक र अन्तिम लेखा परीक्षण गराउनु पर्नेछ ।

(२) विशेष अनुदानवाट संचालनमा रहेका योजना तथा कार्यक्रमहरुवाट सो आयोजना तथा कार्यक्रमको लागि निर्धारित क्षेत्र अन्तरगत संचालन नगरी अन्य क्षेत्रमा सञ्चालन गरिएमा सो बराबरको रकम अन्य अनुदानबाट समेत कट्टा गर्न सकिनेछ।

(३) सम्बन्धित आ.व.मा कुनै कारणवश अनुदान रकम खर्च हुन नसकेमा सो रकम आषाढ मसान्तभित्र प्रदेश सरकारको संचित कोषमा दाखिला गर्नुपर्नेछ।यसरी दाखिला नगरेमा आगामी आ.व. मा स्थानीय तहलाई उपलव्ध गराइने अनुदान रकममा कट्टा गर्न सकिनेछ ।

११. <u>आयोजनाको सञ्चालन र कार्यान्वयन</u>ः (१) योजना तथा कार्यक्रम संचालन गर्दा सोको पारदर्शिता, एवं प्रभावकारी आन्तरिक नियन्त्रण प्रणालीमा जोड दिनु पर्नेछ ।

(२) योजना तथा कार्यक्रमको ठेक्का प्रक्रियाका सम्बन्धमा खरिद सम्बन्धी प्रचलित कानूनको प्रक्रिया पूरा गरेको हुनुपर्नेछ र विल भूक्तानीमा अनिवार्य रुपमा बैङ्किङ प्रणालीको प्रयोग गर्नुपर्नेछ ।

(३) योजना तथा कार्यक्रम संचालन गर्दा कामको गुणस्तरमा विशेष ध्यान पुऱ्याउनु पर्नेछ ।सो को लागि नागरिक समाज एवं लाभान्वित वर्ग र समूदायवाट समेत निगरानी गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(४) योजना तथा कार्यक्रम संचालनको क्रममा कामको गुणस्तर मापन गर्ने संयन्त्र निर्माण गर्नुपर्नेछ र आयोजना सम्पन्न भएको छोटो अवधिमानै त्यसको गुणस्तरमा ह्रास आएको खण्डमा मन्त्रालयले सोको छानविन गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

(५) विशेष अनुदानवाट संचालनमा रहेका योजना तथा कार्यक्रमहरु तोकिएको समयावधि भित्र अनिवार्य रुपमा सम्पन्न गर्नु पर्नेछ । सो अवधिभित्र आयोजना

तथा कार्यक्रम सम्पन्न हुन नसकेमा त्यस्ता आयोजना तथा कार्यक्रम स्थानीय तहले आफ्नै स्रोतबाट सम्पन्न गर्नुपर्नेछ ।

(६) प्रचलित कानून वमोजिम आयोजना तथा कार्यक्रमको भेरिएशन भई लागत वढ्न गएमा वढेको रकमको दायित्व स्थानीय तहले व्यहोर्नु पर्नेछ ।

१२. <u>अनुगमन सम्बन्धी व्यवस्था</u>:(१) आयोजना तथा कार्यक्रमहरु अनुगमन गर्न देहाय बमोजिमको अनुगमन समिति रहनेछ।

(क) सम्बन्धित स्थानीय तहको उपप्रमुख/उपाध्यक्ष — संयोजक

(ख) आयोजना संचालित वडाको वडाध्यक्ष — सदस्य

(ग) स्थानीय तहको सम्बन्धित महाशाखा प्रमुख — सदस्य

(२) उपदफा (१) बमोजिमको समितिमा सम्बन्धित विषयको एकजना विषय विशेषज्ञलाई अनिवार्य रुपमा सहभागी गराउनु पर्नेछ।

(३) विशेष अनुदानवाट स्थानीय तहले संचालन गरेका योजना तथा कार्यक्रमहरुको कार्य प्रभावकारी, उपलव्धिमूलक,पारदर्शी किसिमले र तोकिएको समय सिमा भित्र भए नभएको सम्वन्धमा आवश्यकता अनुसार मन्त्रालय र सम्वन्धित जिल्लाको जिल्ला समन्वय समितिले अनुगमन गर्न सक्नेछ ।

१३. <u>प्रगति प्रतिवेदन पेश गर्नुपर्ने</u>: सबै स्थानीय तहले आफ्नो क्षेत्रमा विशेष अनुदानवाट संचालित आयोजना तथा कार्यक्रमहरुको प्रगति प्रतिवेदन चौमासिक रुपमा अनुसूची-२ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

१४. <u>विशेष अनुदान रोक्का हुनसक्ने</u>:(१) स्थानीय तहले संचालित आयोजना तथा कार्यक्रमहरुको दफा १३ बमोजिम प्रगति प्रतिवेदन नगरेमा वा तोकिएको समय भित्र कार्य सम्पन्न नगरेमा वा सम्पन्न भएको कार्यको गुणस्तर राम्रो नभएमा वा दफा १२(३) बमोजिम मन्त्रालयले गरेको अनुगमन बमोजिम कार्य प्रगति सन्तोषजनक नदेखिएमा मन्त्रालयले आगामी किस्ताको अनुदान रकम रोक्का राख्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम रोक्का राखेकोमा मन्त्रालयले माग गरेको अवधि भित्र स्थानीय तहले आवश्यक विवरणहरु पेश गरेमा, तोकेको समयमा कार्य सम्पन्न गरेमा र कामको गुणस्तरमा आवश्यक सुधार गर्ने प्रत्याभूती दिएमा मन्त्रालयले रोक्का फुकुवा गर्न सक्नेछ ।

१५. <u>आयोजनाको दिगोपना</u>: यस अनुदान मार्फत् संचालन भएका आयोजना तथा कार्यक्रमको दिगोपनाको लागि सो को संचालन तथा मर्मत सम्भार लगायतका कार्य स्थानीय तहले गर्नुपर्नेछ ।

१६. <u>कार्यविधि बमोजिम हुने</u>: यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम कार्यान्वयन वापत स्थानीय तहलाई उपलब्ध गराइने

अनुदानका सम्वन्धमा मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ बमोजिम हुनेछ ।

१७. <u>बाधा अड्काउ फुकाउन सक्ने</u>ः यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले त्यस्तो वाधा अड्काउ फुकाउन सक्नेछ ।

अनुसूची - १

(दफा ५ को उपदफा (१) संग सम्वन्धित)

## विशेष अनुदानको लागि आयोजना वा कार्यक्रम पेश गर्ने फारम

आयोजना/कार्यक्रम पेश गर्ने निकायको नाम :-

ठेगाना :-

फोन/फ्याक्स/इमेल :-

आयोजना/कार्यक्रमको नाम :-

आयोजना/कार्यक्रमको कूल लागत रु. :-

आयोजना/कार्यक्रमकोउद्देश्य :

आयोजना/कार्यक्रमवाट लाभान्वित संभाव्य जनसंख्या :-

आयोजना/कार्यक्रम सम्पन्न गर्न लाग्ने समय :-

संलग्न आवश्य कागजातहरु :-

१. सम्वन्धित स्थानीय तहको सभा वा कार्यपालिकाको निर्णय

२. आयोजना तथा कार्यक्रमको लागत अनुमान

३. ..................................

| योजना महाशाखा/शाखा प्रमुखको | प्रमुख प्रशासकिय अधिकृतको |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| मिति : | मिति : |

<u>अनुसूची -२</u>
(दफा १३ सँग सम्वन्धित)

## <u>प्रगति प्रतिवेदन ढाँचा</u>

१. स्थानीय तहको नाम :-

२. आयोजना/कार्यक्रमको नाम :-

३. स्वीकृत रकम :-

४. सम्झौता भएको रकम :-

५. विवरण :-

| **क्र.सं.** | **हालसम्म उपलव्ध भएको रकम** | **भौतिक प्रगति** | | **बित्तीय प्रगति** | | **कैफियत** |
|---|---|---|---|---|---|---|
| | | **परिमाण** | **प्रतिशत** | **परिमाण** | **प्रतिशत** | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

...............    ....................    ...................

योजना महाशाखा/शाखा प्रमुख    आर्थिक प्रशासन शाखा    प्रमुख प्रशासकिय अधिकृत

**नोट :- यो अनुसूची साथ अनुगमन समितिको प्रतिवेदनको प्रतिलिपि समेत संलग्न गर्नुपर्नेछ ।**